# भाग ३

## नेपाल सरकार

## प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको

## सूचना

**<u>सुशासन (व्यवस्थापन तथा सञ्चालन) (तेस्रो संशोधन) नियमावली, २०८१</u>**

सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा ४४ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरुको नाम "सुशासन (व्यवस्थापन तथा सञ्चालन) (तेस्रो संशोधन) नियमावली, २०८१" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. **सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ को नियम १४ मा संशोधनः** सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ (यस पछि "मूल नियमावली" भनिएको) को नियम १४ को,-

(१) उपनियम (३) मा रहेका "क्षेत्रीय प्रशासन कार्यालय" भन्ने शब्दहरुको सट्टा "गृह मन्त्रालय" भन्ने शब्दहरु राखिएका छन् ।

(२) उपनियम (४) को खण्ड (क) मा रहेका "जिल्ला विकास समितिको सभापति" भन्ने शब्दहरुको सट्टा



मुद्रण विभाग, सिंहदरबार

"जिल्ला समन्वय समितिको प्रमुख" भन्ने शब्दहरु राखिएका छन् ।

(३) उपनियम (४) को प्रतिबन्धात्मक वाक्यांशको सट्टा देहायको प्रतिबन्धात्मक वाक्यांश राखिएको छः-

"तर जिल्ला प्रशासन कार्यालयको हकमा गृह मन्त्रालयको सचिवले र जिल्ला समन्वय समितिको कार्यालयको हकमा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको सचिवले गठन गरेको बढीमा तीन सदस्यीय क्षतिपूर्ति समिति रहनेछ। विभाग वा विभागीयस्तरको कार्यालय, मन्त्रालय वा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको हकमा सम्बन्धित मन्त्रालय वा निकायले गठन गरेको बढीमा तीन सदस्यीय क्षतिपूर्ति निर्धारण समिति रहनेछ।"

३. **मूल नियमावलीको नियम २५ मा संशोधनः** मूल नियमावलीको नियम २५ को उपनियम (१) पछि देहायको उपनियम (१क) थपिएको छः-

"(१क) सूचना प्रविधिको माध्यमबाट अन्तरनिकाय सूचना आदानप्रदान गर्ने प्रयोजनका लागि डाटा एक्सचेन्ज प्लेटफर्म बनाई लागू गर्न सकिनेछ।"

४. **मूल नियमावलीमा नियम २५क. र २५ख. थपः** मूल नियमावलीको नियम २५ पछि देहायका नियम २५क. र २५ख. थपिएका छन्:-

"२५क. **नागरिक एपको प्रयोग गर्नेः** (१) ऐनको दफा ३७क. बमोजिम नागरिक एपको प्रयोग गरी सेवा लिन चाहने नागरिकले कम्प्यूटर, मोबाइल फोन, ट्याबलेट वा



मुद्रण विभाग

इन्टरनेशनल मोबाइल इक्युपमेन्ट आइडेन्टिटी (आई.एम.ई.आई) कोड नम्बर अङ्कित भई सिम प्रयोग हुने विद्युतीय उपकरणबाट सेवा लिन सक्नेछ।

(२) उपनियम (१) बमोजिम नागरिक एपको प्रयोग गर्नको लागि सम्बन्धित नागरिकले नागरिक एपमा आफ्नो युजर आइडी बनाउनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम युजर आइडी बनाउने प्रयोजनको लागि राष्ट्रिय परिचयपत्र, नागरिकता, राहदानी वा मतदाता नामावली सम्बन्धी विद्युतीय प्रणालीमा रहेको सम्बन्धित नागरिकको विवरणसँग भिडाई निजको पहिचान यकिन गरिनेछ।

(४) सङ्घ, प्रदेश र स्थानीय तहका सार्वजनिक सेवा प्रवाह गर्ने मन्त्रालय, संवैधानिक निकाय वा केन्द्रीय, प्रदेश वा स्थानीय स्तरका कार्यालयले आफ्नो स्रोत र साधनको उपलब्धताको आधारमा आफूले प्रवाह गर्ने सेवालाई नागरिक एपमा आवद्ध गरी उपनियम (२) बमोजिमको युजर आइडीको आधारमा सेवाग्राहीलाई पहुँच दिनु पर्नेछ।

(५) सङ्घ, प्रदेश र स्थानीय तहका सार्वजनिक सेवा प्रवाह गर्ने मन्त्रालय, संवैधानिक निकाय वा केन्द्रीय, प्रदेश वा स्थानीय स्तरका कार्यालयले आफ्नो वेबपेजमा नागरिक एपको माध्यमबाट सेवा प्रवाहमा उपनियम (४) बमोजिम पहुँच दिने विधि उल्लेख गर्नु पर्नेछ।



मुद्रण विभाग

(६) उपनियम (४) बमोजिम नागरिक एपमा आवद्ध भएको व्यक्तिले नागरिक एपमा आवद्ध भएका सार्वजनिक निकायवाट प्रवाह हुने सेवाका लागि सो एप मार्फत आवेदन दिन सक्नेछ।

तर प्रचलित कानूनमा सम्बन्धित निकायमा आफैं उपस्थित भई कागजात वा विवरण बुझाउनुपर्ने व्यवस्था भएकोमा त्यस्तो सेवा प्राप्तिको लागि सेवा प्रवाह गर्ने निकाय समक्ष उपस्थित भई त्यस्तो कागजात वा विवरण बुझाउनु पर्नेछ।

(७) उपनियम (६) बमोजिम आवेदन दिँदा सेवाको प्रकृति अनुरुप नागरिक एप मार्फत प्राप्त निर्देशन बमोजिम नागरिक एपमा आवद्ध भएको व्यक्तिले आवश्यक विवरण, परिचय र प्रमाण नागरिक एपमा प्रविष्ट गर्नु पर्नेछ।

(८) उपनियम (७) बमोजिम नागरिक एप मार्फत प्राप्त विवरण, परिचय तथा प्रमाणको आधिकारिकता यकिन गरी सेवा प्रवाह गर्ने निकायले सेवा प्रवाह गर्नु पर्नेछ।

(९) नागरिक एपमा आवद्ध भएको व्यक्तिले नागरिक एपको माध्यमबाट लिन चाहेको सेवा बापत प्रचलित कानून बमोजिम कुनै शुल्क, दस्तुर वा अन्य कुनै रकम तिर्नु वा बुझाउनु पर्ने भएमा त्यस्तो रकम सम्बन्धित सेवा प्रवाह गर्ने निकायको नाममा नागरिक



मुद्रण विभाग

एप मार्फत प्राप्त निर्देशन बमोजिमको प्रक्रिया पूरा गरी बुझाउनु पर्नेछ।

(१०) उपनियम (९) बमोजिमको शुल्क बाहेक नागरिक एपमा आवद्ध भएको व्यक्तिले त्यस्तो एप प्रयोग गरे बापत थप शुल्क बुझाउनुपर्ने छैन।

(११) ऐनको दफा ३७क. तथा यस नियमको प्रयोजनको लागि नेपाल सरकारले तोकेको निकायले नागरिक एपको सञ्चालन तथा व्यवस्थापन गर्नेछ।

(१२) उपनियम (११) बमोजिमको निकायले नागरिक एपको माध्यमबाट सेवा प्रवाहमा पहुँच दिनको लागि आवश्यक समन्वय तथा सहजीकरण गर्नेछ।

२५ख. **सेवा प्रवाह गर्ने निकायको जिम्मेवारीः** (१) नियम २५क. बमोजिम नागरिक एप सञ्चालन तथा व्यवस्थापन गरी सेवाग्राहीलाई सेवा प्रदान गर्ने सम्बन्धमा सेवा प्रवाह गर्ने निकायको जिम्मेवारी देहाय बमोजिम हुनेछः-

(क) सेवाग्राहीले प्रचलित कानून बमोजिम आफैं उपस्थित भई सेवा प्राप्त गर्नुपर्ने भएकोमा बाहेक नागरिक एप मार्फत



मुद्रण विभाग

सेवा प्रवाह गर्ने कार्यलाई प्राथमिकता दिने,

(ख) विद्युतीय प्रणालीवाट प्रवाह हुने सेवालाई नागरिक एपमा आवद्ध भएको व्यक्तिले चौबिसै घण्टा प्रयोग गर्न सक्ने व्यवस्था मिलाउने,

(ग) आफ्नो विद्युतीय सूचना प्रविधि प्रणालीलाई दुरुस्त राखी नागरिक एप मार्फत प्राप्त आवेदन रुजु तथा जाँचबुझ गर्ने,

(घ) खण्ड (ग) बमोजिम रुजु तथा जाँचबुझ गर्दा थप विवरण आवश्यक पर्ने भएमा सोको जानकारी नागरिक एपमा आवद्ध भएको व्यक्तिलाई दिने,

(ङ) नागरिक एपमा आवद्ध हुने प्रणालीको नियमित रुपमा प्राविधिक परीक्षण गरी देखिएका समस्या समाधान गर्ने,

(च) नागरिक एप मार्फत प्रवाह हुने सेवा नियमित, भरपर्दो, गुणस्तरीय र पहुँचयोग्य बनाई सेवा प्रवाह गर्ने,

(छ) नागरिक एप मार्फत आवेदन प्राप्त भएको विषयको प्रगति विवरणको विषयमा सोही एप मार्फत आवेदकलाई सूचना दिने,

(ज) नागरिक एपमा आवद्धता तथा सञ्चालनका विषयमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले दिएको निर्देशन बमोजिमका कार्य गर्ने।

(२) सेवा प्रवाह गर्ने निकायले नागरिक एपमा रहेको सम्बन्धित व्यक्तिको पहिचान हुने परिचयपत्र, प्रमाणपत्र वा अन्य विवरणलाई आधार मानी सेवा प्रवाहको व्यवस्था मिलाउनु पर्नेछ।

(३) सेवा प्रवाह गर्ने निकाय तथा नियम २५क. को उपनियम (११) बमोजिमको निकायले नागरिक एपको माध्यमबाट सेवा प्रवाह गर्दा प्रचलित कानून बमोजिम नागरिकको वैयक्तिक विवरण तथा निजले उपभोग गरेका सेवा सम्बन्धी विवरणको गोपनीयता कायम गर्नुपर्नेछ।"

५. **<u>मूल नियमावलीको नियम २६ मा संशोधनः</u>** मूल नियमावलीको नियम २६ को उपनियम (१) को,-



मुद्रण विभाग

(१) खण्ड (क) मा रहेका "प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय" भन्ने शब्दहरुको सट्टा "नेपाल सरकार" भन्ने शब्दहरु राखिएका छन् ।

(२) खण्ड (ज) मा रहेका "विकास निर्माण तथा समन्वय" भन्ने शब्दहरुको सट्टा "विकास व्यवस्थापन क्षेत्र" भन्ने शब्दहरु राखिएका छन् ।

६. **मूल नियमावलीको नियम २८ मा संशोधनः** मूल नियमावलीको नियम २८ को उपनियम (१) को,-

(१) खण्ड (ख) मा रहेका "स्थानीय विकास अधिकारी" भन्ने शब्दहरुको सट्टा "जिल्ला समन्वय अधिकारी" भन्ने शब्दहरु राखिएका छन् ।

(२) खण्ड (घ) मा रहेका "गाउँ विकास समितिको" भन्ने शब्दहरुको सट्टा "गाउँपालिकाको" भन्ने शब्द राखिएको छ।

७. **मूल नियमावलीको नियम ३१ मा संशोधनः** मूल नियमावलीको नियम ३१ मा रहेका "तिस दिनभित्र" भन्ने शब्दहरुको सट्टा "सात दिनभित्र" भन्ने शब्दहरु राखिएका छन् ।

८. **मूल नियमावलीको नियम ३२ मा संशोधनः** मूल नियमावलीको नियम ३२ मा रहेको "सामान्यतया" भन्ने शब्द झिकिएको छ।

९. **मूल नियमावलीको नियम ३३ मा संशोधनः** मूल नियमावलीको नियम ३३ को,-

(१) उपनियम (१) पछि देहायका उपनियम (१क) र (१ख) थपिएका छन्:-

"(१क) उपनियम (१) बमोजिम राय परामर्श माग गर्नु पर्ने भएमा के कति कारणले द्विविधा उत्पन्न भएको हो वा कुन कानूनी व्यवस्था अस्पष्ट भएको हो सो स्पष्ट खुलाई माग गर्नु पर्नेछ।

(१ख) उपनियम (१) र (१क) मा जुनसुकै कुरा लेखिएको भए तापनि कानूनमा स्पष्ट उल्लेख भएको विषयमा राय परामर्श माग्न पाइने छैन।"

(२) उपनियम (२) मा रहेका "पन्ध्र दिनभित्र" भन्ने शब्दहरुको सट्टा "सात दिनभित्र" भन्ने शब्दहरु राखिएका छन् ।

(३) उपनियम (२) पछि देहायको उपनियम (३) थपिएको छः-

"(३) उपनियम (२) बमोजिम राय परामर्श दिंदा स्पष्ट राय वा परामर्श दिनु पर्नेछ।"

१०. **<u>मूल नियमावलीको नियम ३४ मा संशोधनः</u>** मूल नियमावलीको नियम ३४ मा रहेका "पन्ध्र दिनभित्र" भन्ने शब्दहरुको सट्टा "सात दिनभित्र" भन्ने शब्दहरु राखिएका छन् ।

११. **<u>मूल नियमावलीको नियम ३५ मा संशोधनः</u>** मूल नियमावलीको नियम ३५ को,-

(१) उपनियम (१) मा रहेका "पाँच दिनभित्र" भन्ने शब्दहरुको सट्टा "तीन दिनभित्र" भन्ने शब्दहरु, "सात दिनभित्र" भन्ने शब्दहरुको सट्टा "पाँच दिनभित्र" भन्ने शब्दहरु र "पन्ध्र दिनभित्र" भन्ने शब्दहरुको सट्टा "सात दिनभित्र" भन्ने शब्दहरु राखिएका छन्।

(२) उपनियम (२) मा रहेको "व्यवहार" भन्ने शब्दको सट्टा "व्यहोरा" भन्ने शब्द राखिएको छ।

१२. **<u>मूल नियमावलीको नियम ३६ मा संशोधनः</u>** मूल नियमावलीको नियम ३६ को शीर्षक पछि रहेको "(१)" भन्ने अङ्क झिकी सोही नियमको सि.नं. ४ मा रहेका "दश दिन" भन्ने शब्दहरुको सट्टा "सात दिन" भन्ने शब्दहरु र "सात दिन" भन्ने शब्दहरुको सट्टा "तीन दिन" भन्ने शब्दहरु राखिएका छन्।

१३. **<u>मूल नियमावलीको नियम ४३ मा संशोधनः</u>** मूल नियमावलीको नियम ४३ मा रहेका उपनियम (१) को,-

(१) खण्ड (ङ) मा रहेका "सामान्य प्रशासन मन्त्री" भन्ने शब्दहरुको सट्टा "सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्री" भन्ने शब्दहरु राखिएका छन्।

(२) खण्ड (च) मा रहेका "कानून, न्याय तथा संविधानसभा व्यवस्था मन्त्री" भन्ने शब्दहरुको सट्टा "कानून, न्याय तथा संसदीय मामिला मन्त्री" भन्ने शब्दहरु राखिएका छन्।

१४. **<u>मूल नियमावलीमा नियम ४३क. थपः</u>** मूल नियमावलीको नियम ४३ पछि देहायको नियम "४३क." थपिएको छः-

"४३क. **<u>अभिलेख राख्नु पर्नेः</u>** कार्यालय प्रमुखले आफ्नो कार्यालयबाट भएको निर्णय सम्बन्धी विषय, अन्य कार्यालय वा अधिकारीबाट प्राप्त भएका राय परामर्शको विषय तथा कार्यालयबाट अन्य कार्यालय वा अधिकारीलाई दिएको राय परामर्शको विषयको अभिलेख राख्ने व्यवस्था मिलाउनु पर्नेछ।"



मुद्रण विभाग

**१५.** <u>**रुपान्तरः**</u> मूल नियमावलीको ठाउँ ठाउँमा रहेका "सामान्य प्रशासन मन्त्रालय" भन्ने शब्दहरुको सट्टा "सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय" भन्ने शब्दहरु राखी रुपान्तर गरिएको छ।

**१६.** <u>**खारेजीः**</u> मूल नियमावलीको नियम २७ खारेज गरिएको छ।

**आज्ञाले,**
**फणीन्द्र गौतम**
**नेपाल सरकारको सचिव।**



मुद्रण विभाग, सिंहदरबार